# इकाईद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

मिति २०८२ वैशाख १५ गते, सोमबारका दिन निर्देशक समितिले जारी गरेको ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ मा तोकिएका क्रियाकलापको अनुगमन गर्न गठित अनुगमन समितिका संयोजक, AML/CFT सम्बन्धी समन्वय समितिका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) फणिन्द्र गौतमको उपस्थितिमा आफ्ना कर्मचारीहरुबीच वित्तीय जानकारी इकाईले आ.व. २०८१/८२ को चौथो त्रयमासको ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चुडामणि पौडेल, अर्थ मन्त्रालयका सह-सचिव शोभाकान्त पौडेल र उप-सचिव सुशील कुमार शर्मा नेपाल, नेपाल राष्ट्र बैंकका निर्देशक हाल अर्थ मन्त्रालयमा कार्यरत डा. हरिकुमार नेपाल, इकाई प्रमुख वासुदेव भट्टराई, इकाईका उप निर्देशकत्रय केशवप्रसाद रिमाल, स्वरुप श्रेष्ठ र विष्णुप्रसाद गुरागाईं तथा इकाईका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा उप-निर्देशक स्वरुप श्रेष्ठले FATF को फेब्रुवरी, २०२५ को वार्षिक बैठकले नेपाललाई थप अनुगमनको सूची (Jurisdictions under Increased Monitoring) मा राख्ने निर्णय गरेको सन्दर्भमा उक्त सूचीबाट छिटो बाहिर निस्कनको लागि पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका सिफारिसहरु (Recommended Actions), सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६), ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ लगायतले तोकेका क्रियाकलापका सम्बन्धमा इकाईले गरेका पछिल्ला प्रगति तथा कार्य सम्पादन र भावी कार्ययोजनाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) तथा समन्वय समिति संयोजक फणिन्द्र गौतमले शंकास्पद कारोबार/गतिविधि विश्लेषणमा इकाईको कर्मचारीको क्षमता अभिवृद्धिका लागि मित्र राष्ट्र भारत तथा अन्य राष्ट्रहरुको सहयोग मार्फत् तालिम तथा सहयोग उपलब्ध गराउने, सरकारी निकायका Database हरुमा नियन्त्रित पँहुचको लागि पहल गर्ने, इकाईबाट सम्प्रेषित सूचनामा पृष्ठपोषणका निम्ति सम्बद्ध निकायहरुलाई निर्देशन दिने, Egmont Group of FIU's बीच सूचनाको आदानप्रदानलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चुडामणि पौडेलले वित्तीय जानकारी इकाईले गरेका कार्यमा प्रभावकारिता वृद्धि गर्न इकाईबाट सम्प्रेषित सूचनामा पृष्ठपोषण (Feedback) प्राप्त हुनुपर्ने र नियमनकारी/सुपरिवेक्षण निकायबाट सहयोग हुनुपर्ने बताउनुभयो । अर्थ मन्त्रालयका सह-सचिव शोभाकान्त पौडेलले इकाईमा Performance Matrix बनाउनु पर्ने, प्राप्त भएका रिपोर्टहरुको Rule Based Prioritisation गर्नुपर्ने, Risk Based Scoring, Link and Network Analysis, Data Hub आदि हुनुपर्ने बताउनुभयो । निर्देशक डा. हरि कुमार नेपालले सम्पत्ति शुद्धीकरण निवारणको विश्वव्यापी अभियानमा सबै सम्बद्ध निकायहरुको समन्वय, सहकार्य तथा सहयोग आवश्यक रहेकाले सबैको संयुक्त प्रयासबाट FATF को ग्रे लिष्टबाट छिटो बाहिरिन सहयोग पुग्ने बताउनुभयो ।

अर्थ मन्त्रालयका उप-सचिव सुशील कुमार शर्मा नेपालज्यूले वित्तीय जानकारी इकाईले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६) र ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्न आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा शंकास्पद कारोबार/गतिविधि विश्लेषणका क्रममा आइपर्ने समस्या तथा समाधानका उपायका सम्बन्धमा इकाईमा कार्यरत विश्लेषक (Analyst) हरुले राखेका विभिन्न जिज्ञासा उपर समेत छलफल गरिएको थियो ।



कार्यक्रमको अन्त्यमा इकाई प्रमुख वासुदेव भट्टराईले शंकास्पद कारोबार/गतिविधि विश्लेषणको क्रममा सरकारी निकायमा रहेको सूचनामा नियन्त्रित पहुँच प्राप्त भएमा र इकाईबाट सम्प्रेषित सूचनाको पर्याप्तता वा उपयोग सम्बन्धमा अनुसन्धानकारी निकाय/कानुन कार्यान्वयन गर्ने निकाय/अभियोजनकारी निकायहरुबाट नियमित रुपमा पृष्ठपोषण प्राप्त हुन सकेमा शंकास्पद कारोबार/गतिविधि विश्लेषणमा संख्यात्मक तथा गुणात्मक सुधार गर्न सकिने धारणा राख्नु भयो । त्यस्तै goAML Integration मा सूचक संस्थाको पँहुच बढाउन सम्बन्धित नियमनकारी तथा सुपरिवेक्षकीय निकायको सहयोगी भुमिका महत्वपूर्ण हुने तथा हालै मात्र FATF को ग्रे लिष्टबाट बाहिरिन सफल राष्ट्रहरु जस्तैः Mongolia, Phillipines, UAE लगायतका देशबाट सम्बन्धित बिषयमा सुझाव प्राप्त गर्न सकिने कुरा औँल्याउदै कार्यक्रम समापन गर्नुभयो ।